# दैनिक गतिविधि

२५ वैशाख, २०७७


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु :





**कोभिड - १९** को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्याङ्कन सुदृढिकरण गर्नका लागी गरिने भोली पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिने स्व-मुल्याङ्कनका लागि अभिमुखीकरण कार्यक्रमको पुर्व तयारीका लागि आज विश्व स्वास्थ्य संगठन र गोरखा वेलफेयर ट्रष्टका प्रतिनिधि बीच एक बैठक सम्पन्न भएको छ। बैठकले उक्त कार्यका लागि तयार गरिएको Questionnaire र Assessment Tool हरुको अध्ययन गर्दै सो सम्बन्धी पुर्व-अभ्यास समेत गरेको छ।



**आज** Health Cluster Coordination को पाँचौं भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले गण्डकी प्रदेशको कोभिड - १९ सम्बन्धि अद्यावधिक विवरण प्रस्तुत गर्नुभयो। उक्त अवसरमा उहाँले गण्डकी प्रदेश सरकारको मन्त्रीपरिषद बैठकले संघीय सरकारलाई गण्डकी प्रदेशमा सरुवा तथा संक्रामक रोग अस्पताल र प्रदेशस्तरीय शिक्षण अस्पताल स्थापना गर्नका निम्ति सशर्त अनुदानका लागी अनुरोध गर्ने, कोभिड - १९ संक्रमण नियन्त्रण र व्यवस्थापनका लागि खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुका लागि प्रदेश सरकारले व्यवस्था गरेको बिमा, उपचार खर्च र भत्ता लगायतका सुविधाहरुको बारेमा जानकारी गराउनुभएको थियो। यसैगरी उहाँले गण्डकी प्रदेशका सबै जिल्लामा ICCU सेवा विस्तारका लागि प्रदेश सरकारले बजेट व्यवस्था गरेको विषयमा समेत प्रस्तुतीकरण गर्नुभएको थियो।





## कोभिड १९ महामारी भित्र अर्को महामारी दादुरा खोप

विश्वभरी कोभिड १९ को महामारीको सन्त्रास व्याप्त भइरहेकै अवस्थामा नेपालका विभिन्न जिल्लाहरुमा अर्को महामारी थपिएको छ । हालै मात्र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा फैलिएको दादुरा खोपको महामारी फैलिदै गएर गोरखाको गण्डकी गाउँपालिकामा समेत महामारी फैलिएपछि गण्डकी प्रदेशले यसको तुरुन्तै नियन्त्रण गर्ने प्रकृया अगाडि बढाएको छ । प्रदेश सरकार, प्रदेश निर्देशनालय, गोरखा जिल्ला, गण्डकी गाउँपालिका, परिवार कल्याण महासघंको आपसी छलफलबाट उक्त दादुरा खोपको महामारी फैलिन नदिन अति शिघ्र कदम चालिएको छ । गण्डकी गाउँपालिकामा दादुरा फैलिएको थाहा हुनासाथ प्रदेश र जिल्लाको टिम परिचालन भएको थियो । विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगबाट प्रभावित बालबालिकाको रगतको नमुना संकलन गरी प्रयोगशाला परिक्षणका लागी राष्ट्रिय जनस्वास्थ्य टेकुमा पठाइएकोमा नतिजा Measles Positive आइसकेपछि तुरुन्तै त्यसको नियन्त्रणको कार्यक्रम सहित अगाडि बढाइएको छ । गण्डकी गाउँपालिका हालका र ८ वटै वडाहरुमा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई दादुरा खोप दिने भइसकेको छ ।

यसका लागी सुक्ष्म योजना तयार भई भोली वैशाख २६ गतेदेखि ९ महिनादेखि ५ वर्ष सम्मका बालबालिकाको लागी महामारी नियन्त्रण स्वरुप खोप सञ्चालन हुदैंछ। वैशाख २६ देखि वैशाख ३१ सम्म सञ्चालन हुने खोप कार्यक्रम अर्न्तगत कुल ४३ वटा खोप केन्द्रबाट खोप केन्द्रबाट खोप सञ्चालन गरिनेछ । ९ देखि २३ महिनासम्मको ५५८ जना र दुई वर्ष देखि ५ वर्षसम्मको ११४९ गरी कुल १७०७ को संख्यामा रहेको लक्षित बालबालिकाको लागी भोलीदेखि खोप सञ्चालन हुदैंछ । कोभिड १९ को महामारी रहेको बेला व्यक्ति व्यक्तिको दुरी कायम गर्दै भएको प्रकोप नियन्त्रण र बचावट गर्दै प्रभावकारी खोप दिन पर्ने हुनाले गाउँपालिकाको सबै तहका निर्वाचित पदाधिकारीहरु, सरोकारवाला संघसंस्थाहरु, शिक्षकहरुको सहयोगमा स्वास्थ्यकर्मीबाट सो कार्यक्रम सञ्चालन हुदैंछ । स्वास्थ्यकर्मीहरुलाई आवश्यक पिपिईको व्यवस्था स्थानीय निकायले नै गरेको छ भने त्यसको निरिक्षण र सहभागिता सुपरिवेक्षणको उचित व्यवस्था मिलाई सकेको छ । शीघ्र महामारी नियन्त्रणको लागी चालिएको यस किसिमको महामारी प्रतिक्रिया खोप (Outbreak Response Immunization) खोप कार्यक्रमले उक्त रोग अन्यत्र नियन्त्रण गर्न सकिने छ र महामारी नियन्त्रणमा सफलता हुने विश्वास लिइएको छ ।

